NABIL MUTUAL FUND

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम
नेपाल धितोपत्र बोर्डमा दर्ता भएको नबिल म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने

नबिल ग्रोथ फण्ड

(Nabil Growth Fund)

को

विवरण पुस्तिका

(सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम जारी गरिएको)

प्रति इकाई मूल्य रु. १०/– दरको १०,००,००,००० (दश करोड) इकाई मध्ये बीज पूँजी बापत न्यूनतम १,५०,००,००० (एक करोड पचास लाख) वा कुल बिक्री भएको इकाई संख्याको न्यूनतम १५ (पन्ध्र) प्रतिशत इकाई मध्ये कोष प्रवर्द्धक श्री नबिल बैंक लिमिटेडका लागि १४ प्रतिशत वा न्युनतम १,४०,००,००० (एक करोड चालीस लाख) इकाई तथा योजना व्यवस्थापक श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडलाई १ प्रतिशत वा न्युनतम १०,००,००० (दश लाख) इकाई सुरक्षित राखी बाँकी न्यूनतम ८,५०,००,००० (आठ करोड पचास) इकाई यस विवरण पुस्तिकाको शर्तानुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिनेछ।

कोष प्रवर्द्धकले यस योजनाद्वारा बिक्री गर्ने कुल इकाई रकमको १४ प्रतिशत तथा योजना व्यवस्थापकले १ प्रतिशत रकम बीज पूँजीको रुपमा लगानी गर्नेछ।

योजनाको किसिम :	बन्दमुखी।
योजनाको अवधि :	१० वर्ष।
योजना परिपक्व हुने :	इकाई बाँडफाँड भएको मितिले १० वर्ष।
कोष प्रबर्द्धकको रेटिङ्ग :	"CARE-NP A+ (Is)" - यसले संस्था समयमा नै वित्तिय दायित्व पुरा गर्ने सम्बन्धमा पर्याप्त मात्रामा सुरक्षित (Adequate degree of safety regarding the timely servicing of financial obligations) रहेको भन्ने जनाउँछ। यस्ता संस्थामा कर्जाहरुको जोखिम न्यून (Low Credit Risk) भन्ने आधार जनाउँदछ। उक्त रेटिङ्ग प्राप्त गरेको मिति : चैत्र १०, २०८२ र यसको बैधता मिति जेठ २०, २०८४ सम्म रहेको छ।
योजना व्यवस्थापकको रेटिङ्ग :	"CARE-NP AMC Quality 3+ (AMC3+)"- जसले सम्पत्ति वा कोषको उचित व्यवस्थापनको पर्याप्त आधार (Adequate Assurance on Management Quality) रहेको जनाउँदछ। उक्त रेटिङ्ग प्राप्त गरेको मिति : आषाढ १६, २०८३ र यसको बैधता मिति असार २५, २०८४ सम्म रहेको छ।
नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको मिति :	२०८३/०७/११ गते
बोर्डमा योजना दर्ता मिति :	२०८२/०४/२७ गते
सार्वजनिक निष्काशन खुल्ला हुने मिति :	२०८३/०८/०९ गते
सार्वजनिक निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८३/०८/१४ गते (बैंकिंग समय पश्चात्)।
सार्वजनिक निष्काशन हुने मिति (ढिलोमा) :	२०८३/०८/२३ गते (बैंकिंग समय पश्चात्)।
योजना अर्न्तगत जारी गरिने इकाईको संख्या :	१०,००,००,००० इकाई।
योजनाको अंकित मुल्य :	प्रति इकाई मूल्य रु. १०/-
आवेदन दिनुपर्ने न्यूनतम इकाई सङ्ख्या :	१०० (एक सय) इकाई
आवेदन दिन पाउने अधिकतम इकाई सङ्ख्या :	१,००,००,००० (एक करोड) इकाई
आवेदन साथ भुक्तानी गर्नुपर्ने रकम :	प्रति इकाई मूल्य रु. १०/-

पुनश्च : बिक्री आव्हान गरिएको सम्पूर्ण इकाईका लागि आवेदन पर्न आए पश्चात् न्यूनतम अवधि व्यतित भएपछि सूचना प्रकाशित गरी सार्वजनिक निष्काशन बन्द गरिनेछ।

कोष प्रवर्द्धक	योजना व्यवस्थापक (निष्काशन तथा बिक्री प्रबन्धकको कार्य समेत गर्ने)
NABIL BANK **नबिल बैंक लिमिटेड** नबिल सेन्टर, बिणा मार्ग, दरबार मार्ग, काठमाडौं फोन नं. ०१४२२१७१८, ०१४२२७१८१ | फ्याक्स नं. ०१४२२६९०५ Email: info@nabilbank.com | URL: www.nabilbank.com	NABIL INVESTMENT BANKING LTD. (A Subsidiary of Nabil Bank Ltd.) **नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड** तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोनः ४५११६०४, ४५११७३३ Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np

कोष सुपरिवेक्षकको विवरण

१. प्राध्यापक पवन कुमार ओझा - पूर्वमहा-न्यायाधिवक्ता, कानुन व्यवसायमा ४ दशक भन्दा बढीको अनुभव र हाल वरिष्ठ अधिवक्ताको रुपमा कार्यरत। ठेगाना : सिनामंगल, काठमाडौं ।

२. प्राध्यापक डा. विजय कुमार के.सी.- शिक्षाविद, शिक्षण तथा अनुसन्धानमा ४ दशक भन्दा बढीको अनुभव। ठेगाना : मानभवन, ललितपुर।

३. श्री विनोद बाबु काफ्ले - पूर्वसञ्चालक, नेपाल धितोपत्र बोर्ड, निजामती सेवामा ३ दशक भन्दा बढीको अनुभव। ठेगाना : कोटेश्वर, काठमाडौं ।

४. श्री देव बहादुर बोहोरा- पूर्व प्रशासक (उप-महालेखा परिक्षक), महालेखा परिक्षकको कार्यालय), निजामती सेवामा ३ दशक भन्दा बढीको अनुभव। ठेगानाः गृहेश्वरी, काठमाडौं।

५. प्राध्यापक डा. फत्त बहादुर के.सी - पर्वू अध्यक्ष बीमा समिति, शिक्षण तथा अनुसन्धानमा ३ दशक भन्दा बढीको अनुभव। ठेगाना : डिल्लीबजार, काठमाण्डौं।

यस विवरण पुस्तिकाले योजनाको गुणस्तर वा प्रतिफलको निश्चितताको प्रत्याभूति गर्दैन। कृपया लगानी गर्नु भन्दा अगाडी विवरण पुस्तिका राम्रोसँग पढ्नु होला।

२.१ विषय सुची

क्र.सं.	विवरण	पृष्ठ
२.२	विवरण-पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा	३
२.३	विवरण-पुस्तिका तथा निवेदन प्राप्त गर्ने र निवेदन बुझाउने स्थानहरु	४
२.४	विवरण-पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा	४
३	उद्घोषण	५
३.१	नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण	५
३.२	कोष प्रबर्द्धकको उद्घोषण	५
३.३	योजना व्यवस्थापकको उद्घोषण	५
३.४	कोष सुपरिवेक्षकको उद्घोषण	५
४	योजना सम्बन्धी संक्षिप्त जानकारी	५-७
५	कोष प्रबर्द्धक सम्बन्धी जानकारी	७-१४
५.१	कोष प्रबर्द्धकको नाम	७
५.२	योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत	७
५.३	कोष प्रबर्द्धक स्थापित भएको ऐन/नियमसम्बन्धी विवरण	७
५.४	कोष प्रबर्द्धकको संक्षिप्त इतिहास	७
५.५	कोष प्रबर्द्धकका प्रमुख उदेश्यहरु	७
५.६	कोष प्रबर्द्धकको विगत तीन वर्षको वित्तीय विवरण	७-१४
६	योजना व्यवस्थापक सम्बन्धी विवरण	१५
६.१	योजना व्यवस्थापकको परिचय	१५
६.२	योजना व्यवस्थापकको भावी योजना तथा रणनीति	१५-१७
६.३	योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था	१८
६.४	योजना व्यवस्थापकको पूँजी संरचना सम्बन्धी जानकारी	१८
६.५	योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी	१८-२०
६.६	योजना व्यवस्थापकको कर्मचारी सम्बन्धी जानकारी	२०
६.७	योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण	२१-२४
६.८	योजना व्यवस्थापकको लेखा नीति सम्बन्धी व्यवस्था	२४
६.९	योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना	२४
६.१०	योजना व्यवस्थापकको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सोको विवरण तथा मुद्दा मामिला अन्तिम रुपमा फैसला भई जरिवाना बुझाएको भए सो सम्बन्धी विवरण	२४
६.११	यो योजना भन्दा अगाडिको योजनाको खुद सम्पत्ति मूल्य (NAV) सम्बन्धी विवरण	२४-५२
६.१२	योजना व्यवस्थापकको रेटिङ्ग गरेको भए रेटिङ्ग गर्ने कम्पनी तथा रेटिङ्ग सङ्केत	५२
७	कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसँगको सम्झौता सम्बन्धी विवरण	५२
७.१	कोष सुपरिवेक्षकको नाम, ठेगाना, उमेर तथा योग्यता	५२
७.२	कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी	५२-५३

७.३	योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका	५३
७.४	कोष प्रबर्द्धक र कोष सुपरिवेक्षक बीचको सम्झौताका मुख्य-मुख्य बुँदाहरु	५३
८	योजना सम्बन्धी जानकारी	५४
८.१	योजना सम्बन्धी विवरण	५४
८.२	योजनाको उद्देश्य	५४
८.३	योजनाले लगानी गर्ने क्षेत्र	५४–५५
८.४	योजनाको वित्तीय प्रक्षेपण सम्बन्धी विवरण	५६–६०
८.५	योजनाको खर्च सम्बन्धी विवरण	६०
८.६	योजनाको मुनाफा वितरणको लक्ष्य	६१
८.७	लगानी तथा मुनाफाका सम्बन्धमा लागू हुने कर सम्बन्धी व्यवस्था	६१
८.८	योजनाका ईकाइहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सोको प्रक्रिया	६१
८.९	खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था	६१
८.१०	योजनामा अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा	६१–६३
९	इकाई निष्काशन सम्बन्धी विवरण	६४-६५
९.१	इकाई बिक्री खुला गरिने मिति तथा अवधि	६४
९.२	आवेदन सङ्कलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी	६४
९.३	आवेदन दिन सक्ने व्यक्ति तथा संस्थाहरु	६४
९.४	खरीद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई सङ्ख्या	६४
९.५	इकाईको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था	६४
९.६	आवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरु	६४-६५
१०	इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा	६५
११	गुनासो सुन्ने र समाधान गर्ने प्रकृया	६५
१२	योजना व्यवस्थापकको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट)	६६
१३	यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत	६७

२.२ विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

(क) **"ऐन"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ (संशोधन सहित) सम्झनु पर्दछ ।

(ख) **"नियमावली"** भन्नाले सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) सम्झनु पर्दछ ।

(ग) **"निर्देशिका"** भन्नाले सामूहिक लगानी कोष निर्देशिका, २०६९ सम्झनु पर्दछ ।

(घ) **"बोर्ड"** भन्नाले श्री नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(ङ) **"विवरण पुस्तिका"** भन्नाले इकाईको सार्वजनिक निष्काशन आव्हान गर्नु अघि योजनाको सम्बन्धमा सम्भावित लगानीकर्तालाई जानकारी प्रदान गर्ने प्रयोजनका लागि निर्देशिका बमोजिम प्रकाशन गरिने विवरण पुस्तिका सम्झनु पर्दछ ।

(च) **"संकलन केन्द्र"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सी-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु सम्झनुपर्दछ ।

(छ) **"कोष प्रवर्द्धक"** भन्नाले श्री नबिल बैंक लिमिटेडलाई सम्झनु पर्दछ ।

(ज) **"योजना व्यवस्थापक"** भन्नाले श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडलाई सम्झनु पर्दछ ।

(झ) **"कोष सुपरिवेक्षक"** भन्नाले नियमावलीको व्यवस्था बमोजिम नबिल म्यूचुअल फण्डको सुपरिवेक्षणका लागि बोर्डबाट स्वीकृति प्राप्त गरी कोष प्रबर्द्धकबाट नियुक्त व्यक्तिहरुको समूहलाई सम्झनु पर्दछ ।

(ञ) **"डिपोजिटरी"** भन्नाले योजना अर्न्तगतका इकाईधनीहरुको रेकर्ड राख्ने, इकाई नामसारी सम्बन्धी कार्य गर्ने, योजनाको लगानीको प्रतिफल प्राप्त गरी सोको रेकर्ड राख्ने, इकाई धनीहरुलाई मुनाफा वितरण गर्ने जस्ता नियमावलीले तोकेको कार्य गर्ने अनुमति प्राप्त नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडलाई सम्झनु पर्दछ ।

(ट) **"खुद सम्पत्ती मूल्य"** भन्नाले योजनाको मुल्याकंन गर्ने मितिमा कायम रहेको कुल सम्पत्ति र सो मा प्राप्त गर्नुपर्ने प्रतिफल तथा अन्य आय जोडी दायित्व तथा अपलेखन नगरिएका स्थगन तथा बिविध खर्च कट्टा गरी आउने कुल सम्पत्ति मुल्य (नेट एसेट्स भ्यालू) लाई सम्झनु पर्छ ।

(ठ) **"नियामक निकाय"** भन्नाले श्री नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्टारको कार्यालय र नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

(ड) **"सामूहिक लगानी कोष"** भन्नाले विभिन्न व्यक्ति वा संस्थाहरुको सहभागिता रहने गरी परिचालन गरिएको बचत लगानी रकमलाई आफ्नो जिम्मेवारीमा लिई सोको दक्ष लगानी सेवाद्धारा प्राप्त भएको प्रतिफल सम्बन्धित कार्यक्रमका सहभागीहरुलाई समानुपातिक रुपले वितरण गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम योजना व्यवस्थापकले संचालन गरेको लगानी कोष, एकांक कोष वा समय समयमा बोर्डले तोकिदिएको त्यस्तै प्रकारका अन्य सहभागिता मूलक कोष व्यवस्थापन कार्यक्रम सम्झनु पर्छ ।

(ढ) **"निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (क) बमोजिमको कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौलाई सम्झनु पर्दछ ।

(ण) **"बन्दमुखी योजना"** भन्नाले समयावधि तोकी सञ्चालन गरिने योजना सम्झनु पर्दछ ।

(त) **"निष्काशन बैंक"** भन्नाले इकाईको सार्वजनिक निष्काशन तथा बिक्रीबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएका "क" वर्गको बैंक तथा वित्तीय संस्था वा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई सम्झनुपर्दछ ।

(थ) **"इकाई"** भन्नाले योजना अन्तर्गत निष्काशन गरिने धितोपत्रको इकाई सम्झनु पर्छ ।

(द) **"योजना"** भन्नाले नियमावलीको नियम २४ बमोजिम बोर्डबाट स्वीकृती प्राप्त योजना (स्कीम) सम्झनु पर्दछ ।

२.३ (क) विवरण पुस्तिका प्राप्त गर्न सकिने स्थानहरु :

क्र.सं.	कम्पनीको नाम तथा ठेगाना
१.	श्री नबिल बैंक लिमिटेड, बिना मार्ग, दरबारमार्ग स्थित प्रधान कार्यालय, काठमाडौं ।
२.	श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल स्थित कार्यालय, काठमाडौं ।
३.	साथै, कोष प्रबर्द्धकको वेभसाइट : www.nabilbank.com र योजना व्यवस्थापकको वेभसाइट : www.nabilinvest.com.np

साथै, विवरण पत्र स्वीकृत पश्चात् श्री नेपाल धितोपत्र बोर्डको वेवसाइट : www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।

(ख) आवेदन फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु :

क्र.सं	निवेदन बुझाउन स्थानहरु
१.	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।

नोटः सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा सञ्चालित मेरो शेयर (Mero Share) अनलाइन प्रणाली मार्फत पनि आवेदन गर्न सकिनेछ ।

२.४ विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा :

यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु सहभागीहरुको जानकारीको लागि ऐन तथा नियमावली बमोजिम तयार गरी बोर्डबाट स्वीकृत भएको हो । यसबाट योजनामा सहभागी हुन चाहने जो कोहीले योजनामा सहभागी हुनुभन्दा अगाडि नै योजनाबारे जानकारी प्राप्त गर्न सक्नेछन् । यो विवरण पुस्तिका बोर्डबाट स्वीकृत भए तापनि यसको राम्रोसँग अध्ययन गरेर मात्र लगानी गर्न सुझाव दिईन्छ । विवरण पुस्तिका प्रकाशित भएपश्चात् निष्काशन खुला हुनुअघि वा सो अवधिमा यस विवरण पुस्तिकामा कुनै प्रकारको परिवर्तन भएमा सो को सार्वजनिक रुपमा जानकारी गराइनेछ ।

३. उद्घोषण

३.१ नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :

इकाई सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको यस विवरण पुस्तिकालाई धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी प्रदान गरिएको स्वीकृतिले विवरण पुस्तिकामा उल्लिखित कुराको सत्यता वा योजना व्यवस्थापक वा योजनाको आर्थिक सक्षमताको बारेमा बोर्डले कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

३.२ कोष प्रवर्द्धकको उद्घोषण :

प्रचलित कानून बमोजिम योजना व्यवस्थापकले तयार गरेको यस योजना कोष सुपरिवेक्षकको अनुमोदन तथा बोर्डको स्वीकृतिमा सञ्चालनमा आउनेछ । कोष सुपरिवेक्षक तथा योजना व्यवस्थापकको सञ्चालक समितिमा कोष प्रवर्द्धकको प्रतिनिधि सञ्चालक मार्फत योजनाको व्यवसायिक तथा नियम संगत व्यवस्थापनमा कोष प्रवर्द्धकको सहभागिता रहनेछ । विवरण पुस्तिकामा समावेश विवरण हामीले जाने बुझे सम्म सत्य तथ्य रहेका छन् ।

३.३ योजना व्यवस्थापकको उद्घोषण :

यो विवरण पुस्तिकामा कोष प्रवर्द्धक, कोष सुपरिवेक्षक, योजना व्यवस्थापक तथा प्रस्तावित योजना सम्बन्धी जानकारीहरु उल्लेख गरिएको छ । साथै, विवरण पुस्तिकामा उल्लेख गरिएको वित्तीय विवरण, अन्य विवरण तथा कागजातहरुको सत्यता तथा शुद्धता प्रति यस विवरण पुस्तिका हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता वहन गर्दछौं तथा लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सुसूचित निर्णय लिन आवश्यक विवरण, सूचना तथा जानकारीहरु उपलब्ध गराएका छौं । साथै, यस विवरण पुस्तिका तयार गर्दा प्रचलित ऐन/नियमको पालना गरिएको छ ।

३.४ कोष सुपरिवेक्षकको उद्घोषण :

यस विवरण पुस्तिकामा हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यसमा समावेश गरिएका सामाग्री जस्तै वित्तीय विवरण, योजना व्यवस्थापक, कोष सुपरिवेक्षक आदी सम्बन्धी विवरण तथा जानकारीहरु हामीले जाने बुझेसम्म यथार्थ रहेका छन् । यस पुस्तिकामा उल्लेख गरिएका विवरणहरु स्पष्ट तथा पर्याप्त मात्रामा राखिएको छ र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक विवरण, सूचना तथा जानकारीहरु उपलब्ध गराईएका छन् ।

४. योजना सम्बन्धी संक्षिप्त विवरण :

४.१	क. योजनाको नाम	नबिल ग्रोथ फण्ड (Nabil Growth Fund)
	ख. योजनाको आकार	रु. १,००,००,००,०००/- (एक अर्ब)
	ग. योजनाको प्रकार	बन्दमुखी (Close-end)
४.२	क. निष्काशन गर्न लागिएको इकाई सङ्ख्या	१०,००,००,००० (दश करोड)
	ख. प्रति इकाई मूल्य	रु. १०/- (दश)
	ग. न्यूनतम बिक्री हुनुपर्ने इकाई सङ्ख्या	५,००,००,००० (पाँच करोड)
	घ. अधिकतम सकारिने इकाई सङ्ख्या	१२,५०,००,००० (बाह्र करोड पचास लाख)
	ङ. योजनाको अवधि	१० वर्ष
	च. योजना परिपक्व हुने मिति	योजनाको इकाई बाँडफाँड भएको मितिले १० वर्ष ।
	छ. योजना बिक्री खुल्ला हुने मिति	२०८३/०८/०९ गते
	ज. योजना बिक्री बन्द हुने मिति (छिटो)	२०८३/०८/१४ गते
	झ. योजना बिक्री बन्द हुने मिति(ढिलो)	२०८३/०८/२३ गते
	ञ. इकाई बिक्री केन्द्रहरु	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्धारा सञ्चालित मेरो शेयर (Mero Share) अनलाइन प्रणाली मार्फत पनि आवेदन गर्न सकिने ।
	ट. आवेदकले खरीद गर्नुपर्ने न्यूनतम इकाई सङ्ख्या	१०० (एक सय)
	ठ. आवेदकले खरीद गर्न सक्ने अधिकतम इकाई सङ्ख्या	१,००,००,००० (एक करोड)
	ड. इकाई बिक्री तथा बाँडफाँड सम्बन्धी व्यवस्था	इकाई बिक्रीका लागि आवेदन लिने कार्य समाप्त भएपश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँड गरिने ।
	ढ. सूचीकरण तथा दोस्रो बजार कारोबार व्यवस्था	इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि. मा सूचिकृत गरी कारोबारको व्यवस्था गरिने ।
४.३	योजनाको मुनाफा वितरणको लक्ष्य	योजनाको लेखा परीक्षण पश्चात् आएको खुद वितरण योग्य मुनाफाको हिसाबले इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिने । सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिने ।
४.४	इकाई खरीद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु	नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरिक, गैर आवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, कम्पनी, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, अन्य निकायहरु, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरीद गर्न आवेदन दिन सक्ने ।
४.५	योजना व्यवस्थापकको नाम तथा ठेगानाः	नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, का.जि.का.म.पा., वडा नं. १, नक्साल, काठमाडौं ।

	स्थापित ऐनः	कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ ।
	दर्ता मितिः	कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०६६/१०/२४ (दर्ता नं. १२११/०६६/०६७) ।
	बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मितिः	२०६९/०५/२७
४.६	योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना	बी.आर.एस. न्यौपाने एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स, बालुवाटार, काठमाडौं ।
४.७	योजनाको लेखापरीक्षकको नाम तथा ठेगाना	नेपाल धितोपत्र बोर्डबाट स्वीकृत लिई लेखापरिक्षक नियुक्त गरिने ।
४.८	कोष सुपरिवेक्षकको नाम तथा ठेगाना	१. प्राध्यापक पवन कुमार ओझा ठेगानाः सिनामंगल, काठमाडौं ९ २. प्राध्यापक डा. विजय कुमार के.सी. ठेगानाः मानभवन, ललितपुर । ३ श्री विनोद बाबु काफ्ले ठेगानाः कोटेश्वर, काठमाडौं ३५ । ४.श्री देव बहादुर बोहोरा ठेगानाः गुहेश्वरी, काठमाडौं, ३ । ५. प्राध्यापक डा. फत्त बहादुर के.सी ठेगानाः डिल्लीबजार, काठमाडौं २९ ।
४.९	रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत	रेटिङ्ग कम्पनी : कोष प्रर्बद्धक : श्री इक्रा नेपाल लिमिटेड योजना व्यबस्थापक : केयर रेटिङ्ग नेपाल लिमिटेड, काठमाण्डौं । कोष प्रर्बद्धकको रेटिङ्ग : "CARE-NP A+ (Is)" - यसले संस्था समयमा नै वित्तिय दायित्व पुरा गर्ने सम्बन्धमा पर्याप्त मात्रामा सुरक्षित (Adequate degree of safety regarding the timely servicing of financial obligations) रहेको भन्ने जनाउँछ। यस्ता संस्थामा कर्जाहरुको जोखिम न्यून (Low Credit Risk) भन्ने आधार जनाउँदछ। उक्त रेटिङ्ग प्राप्त गरेको मिति : चैत्र १०, २०८२ र यसको बैधता मिति जेठ २०, २०८४ सम्म रहेको छ । योजना व्यबस्थापकको रेटिङ्ग : "CARE-NP AMC Quality 3+ (AMC3+)"- जसले सम्पत्ति वा कोषको उचित व्यवस्थापनको पर्याप्त आधार (Adequate Assurance on Management Quality) रहेको जनाउँदछ । उक्त रेटिङ्ग प्राप्त गरेको मिति : आषाढ १६ ,२०८३ र यसको बैधता मिति असार २५, २०८४ सम्म रहेको छ ।
४.१०	लगानीका क्षेत्रहरु	नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधीनमा रही योजनाको इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिम कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ : १. बोर्डमा दर्ता भएको धितोपत्र । २. सार्वजनिक निष्काशन भएको धितोपत्र । ३. धितोपत्र विनियम बजारमा सुचीकृत धितोपत्र । ४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बिल तथा मुद्रा बजारका अन्य साधनहरु । ५. बैंक निक्षेप । ६. मुद्रा बजार उपकरण । ७. बोर्डले तोकिदिएको अन्य क्षेत्र ।
४.११	योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना	श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, का.जि.का.म.पा., वडा नं.१, नक्साल, काठमाडौं ।
४.१२	खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था	निर्देशिकाले व्यवस्था गरे बमोजिम खुद सम्पत्ति मुल्य गणना गरिने र सो विवरण नियमावलीले व्यवस्था गरे बमोजिम सार्वजनिक गरिनेछ । सो सम्बन्धी विस्तृत विवरण यस विवरण पुस्तिकाको बुँदा ८.९ (क) र (ख) मा उल्लेख गरिएको ।
४.१३	योजनाको विशेषता	• यो एक बन्दमुखी योजना हो जुन निश्चित समयावधि (१० वर्ष) का लागि सञ्चालन हुन्छ । • यस योजनाका इकाइहरू Nepal Stock Exchange (NEPSE) मा सूचीकरण हुन्छन् । • एक पटक इकाइ किने पछि maturity period सम्म राख्न सकिन्छ वा आवश्यकता अनुसार दोस्रो बजार (NEPSE) मा बेच्न सकिन्छ । • अनुभवी व्यवस्थापकहरूले विभिन्न सेक्टर का कम्पनीहरुमा विविधीकरण हुने हिसाबले लगानी गर्छन् जस्ले जोखिम कम गर्न मद्दत गर्छ । • व्यक्तिगत लगानीकर्ताले research गर्नुपर्ने काम/झन्झट कम हुन्छ । • थोरै रकम (रु. १,०००) बाट मात्रै पनि यो योजनामा लगानी गर्न सकिन्छ, जसले साना लगानीकर्तालाई सजिलो बनाउँछ ।

		• लगानी गरिएका कम्पनीहरूको डिभिडेन्ड (cash and bonus share), पुँजीगत लाभ (capital gain) तथा स्थिर निक्षेप (FD), ऋणपत्र (Debenture) र कल डिपोजिटबाट प्राप्त व्याज आम्दानी आदि बाट यस योजनाले आम्दानी गर्नेछ । • त्यसपछि नगद लाभांश (cash dividend) वा NAV वृद्धि मार्फत लगानीकर्तालाई फाइदा हुन्छ । • यस योजनाको NAV (Net Asset Value) नियमित रूपमा प्रकाशित हुन्छ • लगानीकर्ताहरूले आफ्नो लगानीको अवस्था सजिलै हेर्न सक्छन् । समग्रमा, Nabil Growth Fund भनेको पेशागत रूपमा व्यवस्थापन गरिने १० वर्ष अवधिको, NEPSE मा कारोबार हुने, विविधीकृत लगानी गर्ने बन्दमुखी योजना हो जसको लक्ष्य लगानीकर्ताहरूको दीर्घकालीन पूँजी वृद्धि गर्नु हो ।

५. कोष प्रवर्द्धक सम्बन्धी जानकारी

५.१ कोष प्रबर्द्धकको नाम : श्री नबिल बैंक लिमिटेड ।

५.२ योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत : कोष प्रबर्द्धक श्री नबिल बैंक लिमिटेडको योजना व्यवस्थापक कम्पनीमा चुक्ता पूँजीको ६० प्रतिशत शेयर स्वामित्व रहेको ।

५.३ कोष प्रवर्द्धक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण : प्रचलित कम्पनी ऐन अन्तर्गत संस्थापित र सञ्चालित एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अनुसार कारोबार गर्न इजाजत प्राप्त ।

५.४ कोष प्रवर्द्धकको संक्षिप्त इतिहास : नबिल बैंक लिमिटेड प्रचलित कम्पनी कानून बमोजिम मिति २०४१/०१/२९ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो । मिति २०४१/०३/१२ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त गरी बैंकले २०४१/०३/२९ गते देखि आफ्नो वित्तीय कारोबार गर्दै आएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल राष्ट्र बैंकबाट "क" वर्गको वित्तीय संस्थाको रुपमा बैंकलाई मिति २०६३/०२/१२ मा पुनः इजाजत प्राप्त भई "क" वर्गको इजाजत प्राप्त संस्थाको रुपमा बैंकले आफ्नो कारोबार सञ्चालन गरिरहेको छ । साविकको नेपाल बंग्लादेश बैंक लि. लाई प्राप्त गरी मिति २०७९/०४/०१ देखि एकिकृत कारोबार सुरु गरेको थियो । यस बैंकमा ५८.४४% शेयर स्वामित्व संस्थापक शेयरधनीहरुको र ४१.५६% शेयर स्वामित्व सर्वसाधारण शेयरधनीहरुको रहेको छ । बैंकिङ्ग क्षेत्रमा यस बैंकले एक अग्रणी बैंकको भूमिका निर्वाह गरिरहेको छ ।

५.५ कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु : कम्पनीको प्रबन्धपत्र अनुसार कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, कम्पनी कानुन तथा अन्य प्रचलीत कानूनको अधिनमा रही बैंकिङ्ग तथा वित्तीय कारोबार गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ ।

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीहरुको हकहितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधरणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रवद्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशको समग्र आर्थिक विकासका लागी सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने र

(घ) मुलुकमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

५.६ कोष प्रवर्द्धकको विगत तीन वर्षको वित्तीय विवरण :

नबिल बैंक लि. को विगत तीन वर्षको लेखापरीक्षण भएको वास्तविक वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

वित्तिय अवस्थाको विवरण
वासलात

(रु. हजारमा)

विवरण	वास्तविक (समष्टिकृत)		
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
सम्पत्ती			
नगद तथा नगद समान	६,९६३,३७१	८,३३१,३५२	१२,८२३,२०७
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	२५,६५२,४२१	२०,१८२,९०५	२१,३०९,८९८
बैंक तथा वित्तीय संस्थामा रहेको प्लेसमेन्ट (Placement)	१३,४२४,३९०	१४,२८७,५३१	२४,२७९,३६६
व्यूत्पन्न वित्तीय उपकरणहरू	३,८३३,४६२	७,७८१,५३०	२०,३४५,५५९
अन्य व्यापारिक सम्पत्तिहरु	९२,८१०	८८०,१३०	१,६०१,७८५

बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी	८,२८३,०५९	१२,१४९,९४०	१४,१९५,५०६
ग्राहकलाई दिएको कर्जा तथा सापटी	३३१,१२३,१७१	३७३,४७७,९२५	४१०,९९२,०४१
लगानी उपकरण	७७,१०९,५३७	१०४,०२५,१७६	११७,६७५,१४८
चालु कर सम्पत्ति	-	-	१,०५०,८०७
सहायक कम्पनीमा लगानी	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	१७९,०६७	२२८,२३१	२०१,६८३
लगानी सम्पत्ति	१,८२७,०६९	२,९६२,६३४	४,०६७,७६६
सम्पत्ति तथा उपकरण	३,८८४,१८३	४,१९५,५४४	४,४८८,५३४
ख्याती तथा अमुर्त सम्पत्ति	२९२,५४८	३००,०२२	३८०,०५६
स्थगन कर सम्पत्ति	-	-	-
अन्य सम्पत्ति	७,९३०,५८४	९,१७१,०६४	९,९२८,२५०
कुल सम्पत्ति	४८०,५९५,६७२	५५७,९७३,९८४	६४३,३३९,६०७
दायित्व			
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी रकम	६,२७७,७१२	६,६८७,८१२	८,६३३,७४७
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	-	-	-
व्यूत्पन्न वित्तीय उपकरणहरू	३,८१२,९४६	७,७६३,७४१	२०,४०१,९१७
ग्राहकबाट प्राप्त निक्षेप	३९५,१९९,००६	४६१,६०३,०८७	५२४,०५७,६९२
सापटी	-	-	४६३,०००
चालु कर दायित्व	४९२,८७९	३२,१६३	-
नोक्सानी व्यवस्थाहरु	-	-	-
स्थगन कर दायित्व	१,९०८,७१३	१,६०५,५४७	१,७११,६०८
अन्य दायित्व	८,९६५,६३४	११,२४४,१२९	१५,०९२,२०१
जारी गरेको ऋणपत्रहरू	६,४८६,९८२	९,६२८,४४०	९,६३०,७७३
सहायक आवधिक दायित्व	-	-	-
कूल दायित्व	४२३,१४३,८७२	४९८,५६४,९२१	५७९,९९०,९३८
पूँजी			
शेयर पूँजी	२७,०५६,९९७	२७,०५६,९९७	२७,०५६,९९७
शेयर प्रिमियम	-	-	-
सञ्चित मुनाफा	३,३७२,७४३	३,४०३,४२२	४,१६०,४४४
जगेडा तथा कोषहरु	२६,७५८,७८४	२८,६७२,३७७	३१,८३५,८४०
बैकको शेयरधनीहरुको कुल पूँजी	५७,१८८,५२४	५९,१३२,७९५	६३,०५३,२८१
नियन्त्रण नहुने स्वार्थ	२६३,२७५	२७६,२६८	२९५,३८८
कूल पूँजी	५७,४५१,७९९	५९,४०९,०६३	६३,३४८,६६९
कुल पूँजी तथा दायित्व	४८०,५९५,६७२	५५७,९७३,९८४	६४३,३३९,६०७
भैपरी आउने दायित्व तथा प्रतिवद्धता	२४०,६८९,८६१	२२६,३३७,२४६	२२५,०८५,९०२
प्रति शेयर खुद सम्पत्ति	२१२	२२०	२३४

नाफा-नोक्सान हिसाब विवरण

(रु. हजारमा)

विवरण	वास्तविक (समष्टिकृत)		
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
व्याज आम्दानी	४६,४१२,५९७	४६,५७६,६४५	४०,५१६,५५६
व्याज खर्च	२८,५०१,२९०	३०,११०,९२६	२४,१६८,४६१

खुद व्याज आम्दानी	१७,९११,३०७	१६,४६५,७१९	१६,३४८,०९५
शुल्क तथा कमिशन आम्दानी	३,६९७,०१२	४,२२८,१०९	४,६१६,३६३
शुल्क तथा कमिशन खर्च	६७४,५७१	७७१,८२०	९४१,८९५
खुद शुल्क र कमिशन आम्दानी	३,०२२,४४०	३,४५६,२८९	३,६७४,४६७
खुद व्याज, शुल्क र कमिशन आम्दानी	२०,९३३,७४६	१९,९२२,००८	२०,०२२,५६३
खुद व्यापारिक आम्दानी	५०९,२७४	५८८,७७४	८१०,७७९
अन्य सञ्चालन आम्दानी	३३५,७७४	२४२,०६०	७१६,२०४
कुल सञ्चालन आम्दानी	२१,७७८,७९४	२०,७५२,८४२	२१,५४९,५४५
कर्जा तथा अन्य सम्पत्तिमा भएको नोक्सानी व्यवस्था /(फिर्ता)	५,४२६,२६९	४,६३७,७३९	४,२०१,४१२
खुद सञ्चालन आम्दानी	१६,३५२,५२६	१६,११५,१०३	१७,३४८,१३३
सञ्चालन खर्च	-	-	-
कर्मचारी खर्च	४,५८२,६६४	४,७४८,९०२	५,१५५,०५१
अन्य सञ्चालन खर्च	१,५५६,६२७	१,७१२,०५९	१,७९१,६८०
ह्रासकट्टी र परिशोधन	५१३,२४३	६९३,८१७	७७५,०२३
सञ्चालन मुनाफा	९,६९९,९९२	८,९६०,३२४	९,६२६,३७८
गैर सञ्चालन आम्दानी	४४,२२३	८७,३३०	७४,८६६
गैर सञ्चालन खर्च	२७४,८८४	८९,७४०	६०४,२१८
सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा	९,४६९,३३०	८,९५७,९१४	९,०९७,०२७
आयकर खर्च	-	-	-
आयकर व्यवस्था	२,८६०,७६८	२,८२२,६८६	३,०८९,२६४
स्थगन कर	८४,१३४	(३३६,३२५)	(१६७,०५४)
खुद नाफा /(नोक्सान)	६,५२४,४२८	६,४७१,५५२	६,१७४,८१७
खुद नाफा /(नोक्सान) मा हिस्सा :	-	-	-
बैंकका शेयरधनीहरूको	६,४८७,२९१	६,४२५,९८६	६,१३६,३७३
नियन्त्रण नहुने स्वार्थको (Non Controlling Interest)	३७,१३७	४५,५६६	३८,४४४
खुद नाफा /(नोक्सान)	६,५२४,४२८	६,४७१,५५२	६,१७४,८१७
प्रति शेयर आम्दानी	२४.११	२३.९२	२२.८२

विस्तृत आयको विवरण

(रु हजारमा)

विवरण	वास्तविक (समष्टिकृत)		
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८१
खुद नाफा/(नोक्सान)	६,५२४,४२८	६,४७१,५५२	६,१७४,८१७
आयकर पछिको अन्य विस्तृत आम्दानी			-
क) भविष्यमा नाफा/(नोक्सान) हिसाबमा पुनर्वर्गीकरण नहुने शिर्षकहरू :			-
लगानी उपकरण (शेयर) को बजार मूल्यमा परिवर्तनबाट भएको नाफा/(नोक्सान)	१९४,४९२	१९४,६४१	१,०४२,०९२
स्थिर सम्पत्तिको पुनर्मूल्याङ्कनबाट भएको नाफा/(नोक्सान)	-	-	-
परिभाषित लाभ योजना (Defined Benefit Plan) मा एक्चुरियल नाफा/(नोक्सान)	२१,४३५	(८४,१११)	(१३१,७११)
घटाउ : माथि उल्लेखित विषयसँग सम्बन्धित कर (खर्च)/आम्दानी	(६४,७७८)	(३३,१५९)	(२७३,११४)
भविष्यमा नाफा/(नोक्सान) हिसाबमा पुनर्वर्गीकरण नहुने शिर्षकहरूको खुद रकम	१५१,१४९	७७,३७१	६३७,२६७
ख) भविष्यमा नाफा/(नोक्सान) हिसाबमा पुनर्वर्गीकरण हुन सक्ने शिर्षकहरू :			-
Cash flow hedge मा भएको नाफा/(नोक्सान)	-	-	-

विदेशी विनिमयबाट भएको नाफा/(नोक्सान) (विदेशी कारोबारको वित्तीय सम्पत्तिहरू स्वदेशी मुद्रामा ल्याउँदा उत्पन्न भएको)	-	-	-
माथि उल्लेखित विषयसँग सम्बन्धित स्थगन कर (खर्च)/आम्दानी	-	-	-
यस वर्ष नाफा/(नोक्सान) हिसाबमा सारिएको रकम	-	-	-
भविष्यमा नाफा/(नोक्सान) हिसाबमा पुनर्वर्गीकरण हुन सक्ने शिर्षकहरूको खुद रकम :	-	-	-
ग) सम्बद्ध कम्पनीको अन्य विस्तृत आयमा समूहको हिस्सा	-	-	-
आयकर पछिको यस वर्षको अन्य विस्तृत आम्दानी	१५१,१४९	७७,३७१	६३७,२६७
यस वर्षको खुद नाफा/(नोक्सान) तथा अन्य विस्तृत आयको जोड (Total Comprehensive Income)	६,६७५,५७७	६,५४८,९२३	६,८१२,०८४
Total Comprehensive Income मा हिस्सा :			-
बैंकका शेयरधनीहरूको	६,६३८,४४१	६,५०३,५३२	६,७७२,४६८
नियन्त्रण नहुने स्वार्थको (Non Controlling Interest)	३७,१३७	४५,३९०	३९,६१६
यस वर्षको खुद नाफा/(नोक्सान) तथा नाफा/(नोक्सान) हिसाब बाहिरको खुद आम्दानी/(खर्च) को जोड (Total Comprehensive Income)	६,६७५,५७७	६,५४८,९२३	६,८१२,०८४

नगद प्रवाह विवरण

(रु. हजारमा)

विवरण	वास्तविक (समष्टिकृत)		
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
सञ्चालन गतिविधिबाट भएको नगद प्रवाह			
व्याज आम्दानी	४६,४१२,५९७	४६,५७६,६४५	४०,१५८,०८३
शुल्क तथा अन्य आम्दानी	४,०७७,००९	४,५५७,४९८	५,४०७,४३२
प्राप्त लाभांश	-	-	-
अन्य सञ्चालन गतिविधिबाट आम्दानी	५०९,२७४	५८८,७७४	८१७,२१४
व्याज खर्च	(२८,५०१,२९०)	(३०,११०,९२६)	(२४,१६८,४६१)
शुल्क तथा कमिशन खर्च	(६७४,५७१)	(७७१,८२०)	(९४१,८९५)
कर्मचारी खर्च	(४,५८२,६६४)	(४,७४८,९०२)	(३,५३६,३०६)
अन्य खर्च	(१,८३१,५११)	(१,८०१,७९९)	(२,३९५,८९८)
संचालन सम्पत्ति र दायित्वको घटबढ अघिको संचालन नगद प्रवाह	१५,४०८,८४३	१४,२८९,४७०	१५,३४०,१६९
चालु सम्पत्तिमा कमी/(वृद्धि)			-
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	(१२,६१५,१८२)	५,४६९,५१६	(१,१२६,९९३)
बैंक तथा वित्तीय संस्थामा रहेको प्लेस्मेन्ट	(४,५५३,४९५)	(८६३,१४२)	(९,९९१,८३५)
अन्य व्यापारिक सम्पत्ति	९९,४७२	(७८७,३२०)	(७२१,६५५)
बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा सापटी	२,०८३,८७९	(३,८६६,८८०)	(२,०४५,५६६)
ग्राहकलाई दिएको कर्जा सापटी	(३६,३४३,७८७)	(४६,९९२,४९४)	(४१,९६४,५०९)
अन्य सम्पत्ति	(४,०५१,९२७)	(५,१८८,५४८)	(१३,९३८,२३३)
चालु दायित्वमा कमी/(वृद्धि)			-
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी रकम	२,९२४,१०२	४१०,१००	१,९४५,९३५
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	(४,६५७,४३७)	-	-
निक्षेप दायित्व	६९,०१२,९३४	६६,४०४,०८२	६२,४५४,६०५
सापटी	(१०,७२०,७३०)	-	४६३,०००
अन्य दायित्व	(१,३४७,४१०)	५,२६६,४३७	१५,६९६,४४७
आयकर खर्च अघिको खुद सञ्चालनबाट भएको नगद प्रवाह	१५,२३९,२६३	३४,१४१,२२२	-
आयकर खर्च	(१,७८९,०३९)	(४,४५३,३१२)	(४,००५,१८०)
सञ्चालन गतिविधिबाट भएको खुद नगद प्रवाह (क)	१३,४५०,२२३	२९,६८७,९१०	२२,१०६,१८४
लगानी गतिविधिबाट भएको नगद प्रवाह			-
लगानी उपकरणहरूको खरिद	(१३,७१९,०५२)	(२६,७७०,१६२)	(१२,८९३,९६०)
लगानी उपकरणहरूको बिक्री	-	४८१,८६३	-
स्थिर सम्पत्ति खरिद	(८५१,०७१)	(१,१६९,६३५)	(६४७,३४३)

स्थर सम्पत्ति बिक्री	-	१६४,४५७	१४,३९२
अमुर्त सम्पत्ति (Intangible Assets) को खरिद	१,९८१	(७,४७४)	(१२४,२९३)
अमुर्त सम्पत्तिको बिक्री	-	-	-
लगानी सम्पत्ति (Investment Property) खरिद	(५०८,४७१)	(१,१३५,५६५)	(१,१०५,१३१)
लगानी सम्पत्ति (Investment Property) बिक्री	-	-	-
प्राप्त व्याज	-	-	-
प्राप्त लाभांश	-	-	-
लगानी गतिविधिबाट प्रवाह भएको खुद नगद (ख)	(१५,०७६,६१२)	(२८,४३६,५१७)	(१४,७५६,३३५)
वित्तीय गतिविधिबाट भएको नगद प्रवाह			-
जारी गरेको ऋणपत्रबाट प्राप्त नगद	२,१३९	३,१४१,४५८	-
ऋणपत्रको भुक्तानी	-	-	-
सहायक आवधिक दायित्वहरूबाट प्राप्त नगद (Subordinated Liabilities)	-	-	-
सहायक आवधिक दायित्वहरूको भुक्तानी (Subordinated Liabilities)	-	-	-
शेयर निष्काशनबाट प्राप्त नगद	-	-	-
वितरित लाभांश	(२,६२५,७८४)	(३,०२४,८७०)	(२,८५७,९९४)
व्याज भुक्तान	-	-	-
अन्य आम्दानी/(खर्च)	-	-	-
वित्तीय गतिविधिबाट भएको खुद नगद प्रवाह (ग)	(२,६२३,६४६)	११६,५८८	-
नगद तथा नगद सरहका उपकरणमा भएको खुद (घट)/बढ	(४,२५०,०३५)	१,३६७,९८१	४,४९१,८५५
नगद तथा नगद सरहको उपकरणको शुरुवाती मौज्दात	११,२१३,४०६	६,९६३,३७१	८,३३१,३५२
नगद तथा नगद सरहको सटही घटबढको असर	-	-	-
नगद तथा नगद सरहको अन्तिम मौज्दात	६,९६३,३७०	८,३३१,३५२	१२,८२३,२०७

इक्विटीमा भएको परिवर्तन (समष्टिकृत)

रू. हजारमा

विवरण	शेयर पूँजी	शेयर प्रिमियम	साधारण जगेडा कोष	सटही घटबढ कोष	नियमनकारी कोष	बजार मूल्य कोष	पुन : मूल्याङ्कन कोष	सञ्चित नाफा	अन्य कोष	जम्मा	नियन्त्रण नहुने स्वार्थ	कुल
२०७९ श्रावण ०१ को मौज्दात	२२,८३२,९०९	१७६	१२,६२८,७९५	७५२,११३	२,४२८,३३६	३,५६८,८१८	५६०,१३६	३,१३९,६२२	७,३१५,३४५	५३,२२६,२४७	२२०,८४९	५३,४४७,०९६
प्राप्तिबाट कोषहरुमा भएको परिवर्तन	-	-	-	-	-	-	-	-	-	-	-	-
२०७९ श्रावण ०१ को परिमार्जित मौज्दात	२२,८३२,९०९	१७६	१२,६२८,७९५	७५२,११३	२,४२८,३३६	३,५६८,८१८	५६०,१३६	३,१३९,६२२	७,३१५,३४५	५३,२२६,२४७	२२०,८४९	५३,४४७,०९६
आ.व. २०७९/८० को ऋणउच्चभजभलकष्खभ क्लअकभ	-	-	-	-	-	-	-	-	-	-	-	-
आ.व. २०७९/८० मरीको नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	६,४८७,२९१	-	६,४८७,२९१	३७,१३७	६,५२४,४२८
आ.व. २०७९/८० को Other Comprehensive Income	-	-	-	-	-	१३६,१४४	-	-	१५,००५	१५१,१४९	-	१५१,१४९
लगानी उपकरण (शेयर) को Fair Value परिवर्तनबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	१३६,१४४	-	-	-	१३६,१४४	-	१३६,१४४
स्थिर सम्पत्तिको पुनर्मूल्याङ्कनबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-	-	-	-	-
Actuarial Gain/(Loss) on defined benefit plans	-	-	-	-	-	-	-	-	१५,००५	१५,००५	-	१५,००५
Cash flow hedge मा भएको नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-	-	-	-	-
विदेशी वित्तिमयबाट भएको नाफा/(नोक्सान) (विदेशी कारोबारको वित्तीय सम्पत्तिहरु स्वदेशी मुद्रामा ल्याउँदा उत्पन्न भएको)	-	-	-	-	-	-	-	-	-	-	-	-
आ.व. २०७९/८० को Total Comprehensive Income	-	-	-	-	-	१३६,१४४	-	६,४८७,२९१	१५,००५	६,६३८,४४१	३७,१३७	६,६७५,५७७
यस वर्ष विभिन्न कोषहरुमा स्थानान्तरण भएको	-	-	१,३०३,८३२	३५,६००	१,२०१,४०४	-	-	(३,५३६,८०२)	-	९९५,९६५	-	-
यस वर्ष विभिन्न कोषहरुबाट स्थानान्तरण भएको	-	-	-	-	-	(३,२३५)	-	२५,५६८	४८,८६३	७१,१९५	-	७१,१९५
सोझै Equity मा पहिचान गरिएको शेयर धनीहरुसँग भएको कारोबार :	-	-	-	-	-	-	-	-	-	-	-	-
हकप्रद शेयर निष्काशन (Right Share Issued)	-	-	-	-	-	-	-	-	-	-	-	-
शेयरमा आधारित भुक्तानीहरु (Share Based Payments)	-	-	-	-	-	-	-	-	-	-	-	-
शेयरधनीहरुलाई वितरित लाभांश	-	-	-	-	-	-	-	-	-	-	-	-
बोनस शेयर	४,२२४,०८८	(१७६)	-	-	-	-	-	-	(४,२२३,९१३)	-	-	-
नगद लाभांश	-	-	-	-	-	-	-	(२,६२५,७८४)	-	(२,६२५,७८४)	-	(२,६२५,७८४)
अन्य	-	-	(४,४७२)	-	-	१३,५८८	-	(११७,१५२)	(१३,५३८)	(१२१,५७५)	५,२९०	(११६,२८५)
आ.व. २०७९/८० मा कोषमा भएको परिवर्तन	४,२२४,०८८	(१७६)	१,२९९,३६०	३५,६००	१,२०१,४०४	१०,३५२	-	(६,२५४,१७०)	(३,१९२,६२३)	(२,६७६,१६४)	५,२९०	(२,६७०,८७४)

२०८० आषाढ ३१ को मौज्दात	२७,०५६,९९७	-	१३,९२८,१५५	७८७,७१३	३,६२९,७४०	३,७१५,३१४	५६०,१३६	३,३७२,७४३	४,१३७,७२७	५७,१८८,५२४	२६३,२७५	५७,४५१,७९९
२०८० श्रावण ०१ को मौज्दा	२७,०५६,९९७	-	१३,९२८,१५५	७८७,७१३	३,६२९,७४०	३,७१५,३१४	५६०,१३६	३,३७२,७४३	४,१३७,७२७	५७,१८८,५२४	२६३,२७५	५७,४५१,७९९
आ.व. २०८०/८१ को विस्तृत आय												
आ.व. २०८०/८१ भरीको नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	६,४२५,९८६	-	६,४२५,९८६	४५,५६६	६,४७१,५५२
आ.व. २०८०/८१ को अन्य विस्तृत आय (कर पछिको)	-	-	-	-	-	१३६,१२७	-	-	(५८,५८१)	७७,५४६	(१७६)	७७,३७१
लगानी उपकरण (शेयर) को Fair Value परिवर्तनबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	१३६,१२७	-	-	-	१३६,१२७	१२२	१३६,२४९
स्थिर सम्पत्तिको पुनर्मूल्याङ्कनबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-	-	-	-	-
परिभाषित लाभ योजना (Defined Benefit Plan) मा एक्चुरियल नाफा/(नोक्सान	-	-	-	-	-	-	-	-	(५८,५८१)	(५८,५८१)	(२९८)	(५८,८७८)
Cash flow hedge मा भएको नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-	-	-	-	-
विदेशी वित्तिमयबाट भएको नाफा/(नोक्सान) (विदेशी कारोबारको वित्तीय सम्पत्तिहरू स्वदेशी मुद्रामा ल्याउँदा उत्पन्न भएको)	-	-	-	-	-	-	-	-	-	-	-	-
आ.व. २०८०/८१ को जम्मा विस्तृत आय	-	-	-	-	-	१३६,१२७	-	६,४२५,९८५	(५८,५८१)	६,५०३,५३२	४५,३९०	६,५४८,९२२
यस वर्ष विभिन्न कोषहरूमा स्थानान्तरण भएको	-	-	१,२७३,९५९	२६,३५१	१,०८३,३८२	-	-	(३,४४२,६८७)	१,०५८,९९६	-	७,०३६	७,०३६
यस वर्ष विभिन्न कोषहरूबाट स्थानान्तरण भएको	-	-	-	-	-	(८२,८२९)	-	१८७,०५६	(१०४,२२७)	-	(१७८)	(१७८)
सोझै Equity मा पहिचान गरिएको शेयरधनीहरूसँग भएको कारोबार :												
हकप्रद शेयर निष्काशन (Right Share Issued)	-	-	-	-	-	-	-	-	-	-	-	-
शेयरमा आधारित भुक्तानीहरू (Share Based Payments)	-	-	-	-	-	-	-	-	-	-	-	-
शेयरधनीहरूलाई वितरित लाभांश	-	-	-	-	-	-	-	-	-	-	-	-
बोनस शेयर	-	-	-	-	-	-	-	-	-	-	-	-
नगद लाभांश	-	-	-	-	-	-	-	(३,०२४,८७०)	-	(३,०२४,८७०)	(३२,४००)	(३,०५७,२७०)
अन्य	-	-	५,९८७	-	-	९६,९४७	-	(११४,८०६)	(१,५२२,५१९)	(१,५३४,३९१)	(६,८५६)	(१,५४१,२४७)
आ.व. २०८०/८१ मा कोषमा भएको परिवर्त	-	-	१,२७९,९४५	२६,३५१	१,०८३,३८२	१४,११८	-	(६,३९५,३०७)	(५६७,७५१)	(४,५५९,२६१)	(३२,३९८)	(४,५९१,६५९)
२०८१ आषाढ ३१ को मौज्दात	२७,०५६,९९७	-	१५,२०८,१००	८१४,०६४	४,७१३,१२२	३,८६५,५५९	५६०,१३६	३,४०३,४२२	३,५११,३९६	५९,१३२,७९५	२७६,२६८	५९,४०९,०६३
२०८१ श्रावण ०१ को मौज्दात	२७,०५६,९९७	-	१५,२०८,१००	८१४,०६४	४,७१३,१२२	३,८६५,५५९	५६०,१३६	३,४०३,४२२	३,५११,३९६	५९,१३२,७९५	२७६,२६८	५९,४०९,०६३
प्राप्तिबाट कोषहरूमा भएको परिवर्तन												
२०८१ श्रावण ०१ को परिमार्जित मौज्दात	२७,०५६,९९७	-	१५,२०८,१००	८१४,०६४	४,७१३,१२२	३,८६५,५५९	५६०,१३६	३,४०३,४२२	३,५११,३९६	५९,१३२,७९५	२७६,२६८	५९,४०९,०६३
आ.व. २०८१/८२ को विस्तृत आय												

आ.व. २०८१/८२ मरीको नाफा/(नोक्सान	-	-	-	-	-	-	-	६,१३६,३७३	-	६,१३६,३७३	३८,४४४	६,१७४,८१७
आ.व. २०८१/८२ को अन्य विस्तृत आय	-	-	-	-	-	७२८,०७३	-	-	(९१,९७८)	६३६,०९५	१,१७२	६३७,२६७
लगानी उपकरण (शेयर) को Fair Value परिवर्तनबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	७२८,०७३	-	-	-	७२८,०७३	१,३९१	७२९,४६४
स्थिर सम्पत्तिको पुनर्मूल्याङ्कनबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-	-	-	-	-
परिभाषित लाभ योजना (Defined Benefit Plan) मा एक्चुरियल नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-	(९१,९७८)	(९१,९७८)	(२१९)	(९२,१९८)
Cash flow hedge मा भएको नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-	-	-	-	-
वदेशी वित्तिमयबाट भएको नाफा/(नोक्सान) (विदेशी कारोबारको वित्तीय सम्पत्तिहरू स्वदेशी मुद्रामा ल्याउँदा उत्पन्न भएको	-	-	-	-	-	-	-	-	-	-	-	-
आ.व. २०८१/८२ को जम्मा विस्तृत आय	-	-	-	-	-	७२८,०७३	-	६,१३६,३७३	(९१,९७८)	६,७७२,४६८	३९,६१६	६,८१२,०८४
यस वर्ष विभिन्न कोषहरूमा स्थानान्तरण भएको	-	-	१,२०९,७९४	४६,५४९	(१८१,२८३)	-	-	(२,६४२,०१२)	१,५६६,९५२	-	४,८७२	४,८७२
यस वर्ष विभिन्न कोषहरूबाट स्थानान्तरण भएको	-	-	-	-	-	(६,४३५)	-	१२०,९९७	(११४,५६२)	-	(४५)	(४५)
सोझै इक्विटीमा पहिचान गरिएको शेयरधनीहरूसँग भएको कारोबार :												
हकप्रद शेयर निष्काशन (Right Share Issued)	-	-	-	-	-	-	-	-	-	-	-	-
शेयरमा आधारित भुक्तानीहरू (Share Based Payments)	-	-	-	-	-	-	-	-	-	-	-	-
शेयरधनीहरूलाई वितरित लाभांश	-	-	-	-	-	-	-	-	-	-	-	-
बोनस शेयर	-	-	-	-	-	-	-	-	-	-	-	-
नगद लाभांश	-	-	-	-	-	-	-	(२,८५७,९९४)	-	(२,८५७,९९४)	(२०,४६३)	(२,८७८,४५८)
अन्य	-	-	-	-	-	(४,१२८)	-	(३४१)	१०,४८२	६,०१२	(४,८६०)	१,१५२
आ.व. २०८१/८२ मा कोषमा भएको परिवर्तन	-	-	१,२०९,७९४	४६,५४९	(१८१,२८३)	(१०,५६३)	-	(५,३७९,३५०)	१,४६२,८७२	(२,८५१,९८२)	(२०,४९६)	(२,८७२,४७८)
२०८२ आषाढ ३२ को मौज्दात	२७,०५६,९९७	-	१६,४१७,८९४	८६०,६१३	४,५३१,८३९	४,५८३,०६९	५६१,०३६	४,१६०,४४४	४,८८२,२८९	६३,०५३,२८१	२९५,३८८	६३,३४८,६६९

विगत तीन वर्षको (समष्टिकृत) प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण :

विवरण	वास्तविक		
	आ.व. २०७९/८०	आ.व.२०८०/८१	आ.व.२०८१/८२
शेयर सङ्ख्या (हजारमा)	२७,०५६,९९७	२७,०५६,९९७	२७,०५६,९९७
प्रति शेयर नेटवर्थ (रु).	२१२	२२०	२३४
प्रति शेयर आम्दानी (EPS)	२४.११	२३.९२	२२.८२

६. योजना व्यवस्थापक सम्बन्धी विवरण

६.१ योजना व्यवस्थापकको परिचय :

क. योजना व्यवस्थापकको नाम : श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड ।

ख. योजना व्यवस्थापक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण : श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६६/१०/२४ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी दर्ता नं. १२११/०६६/०६७ मा दर्ता भई धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायीः मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०६७/०१/१३ मा अनुमतिपत्र प्राप्त गरी संचालनमा आएको हो ।

ग. योजना व्यवस्थापकको रजिष्टर्ड ठेगाना : का.जि.का.म.पा., वडा नं. १, नक्साल, काठमाडौं ।

घ. योजना व्यवस्थापकको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास : नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६६/१०/२४ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई भएको हो । कम्पनीले धितोपत्र सम्बन्धी ऐन २०६३ अन्तर्गत धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०६७/०१/१३ मा अनुमतिपत्र प्राप्त गरी सोही मितिबाट मर्चेन्ट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । कम्पनीले आफ्नो स्थापना वर्षमा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा विभिन्न संघ संस्थाहरुको धितोपत्रको सार्वजनिक निष्काशन कार्य गरेकोमा हाल कम्पनीले सोको अलावा आफूले प्रदान गर्ने सेवालाई विविधीकरण गर्दै शेयर प्रत्याभूती सेवा, शेयर रजिष्ट्रार सेवा, लगानी व्यवस्थापन सेवा तथा वित्तीय परामर्श सेवासमेत प्रदान गर्दै आइरहेको छ । यस कम्पनीले मिति २०६९/०५/२७ मा नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने अनुमति प्राप्त गरी नबिल म्युचुअल फण्ड अन्तर्गतको पहिलो योजना नबिल ब्यालेन्सड् फण्ड १ र नबिल इक्वीटी फण्डको को योजना व्यवस्थापक/डिपोजिटरीको रूपमा समेत कार्य गरेको र सो योजनाहरु सफलतापूर्वक समापन गरी तेस्रो योजना नबिल ब्यालेन्सड् फण्ड २ को विगत ७ वर्षदेखि योजना व्यवस्थापक/डिपोजिटरीको रूपमा समेत कार्य गरिरहेको छ र चौथो योजना नबिल ब्यालेन्सड् फण्ड-३ को सार्वजनिक निष्काशन कार्य समापन गरी विगत ४ वर्षदेखि योजना व्यवस्थापक/डिपोजिटरीको रूपमा कार्य गरिरहेको छ । नबिल म्युचुअल फण्ड अन्तर्गतको पहिलो खुलामुखी योजना नबिल फ्लेक्सी क्याप फण्डको सार्वजनिक निष्काशन कार्य समापन गरी विगत ३ वर्षदेखि र दोस्रो खुलामुखी योजना एनआई ३१ विगत १० महिनादेखि योजना व्यवस्थापक/डिपोजिटरीको रूपमा कार्य गरिरहेको छ ।
साथै यस कम्पनीले मिति २०७९/०५/१९ मा विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ मा कोष व्यवस्थापकको कार्य अनुमतिसमेत प्राप्त गरेको छ ।

ङ. योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :
प्रचलित धितोपत्र सम्बन्धी कानुन र अन्य कानुनको अधिनमा रहि धितोपत्र व्यवसायीको रुपमा इन्भेष्टमेन्ट बैंकिङ्ग, मर्चेन्ट बैंकिङ्ग लगायत पूँजी बजारसँग सम्बन्धित विभिन्न कारोबार तथा अन्य कारोबार गर्ने योजना व्यवस्थापकको उद्देश्यहरु देहाय बमोजिम रहने छ :
प्रबन्धपत्रमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्ने ।
२. लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रूपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।
३. लगानीकर्ताहरुको पूँजी बजारतर्फको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक कार्य सञ्चालन गर्ने ।
४. नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसँग आवश्यक समन्वय गर्ने तथा आवश्यकतानुसार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।
५. उपलब्ध सिप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशमा पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।

६.२ योजना व्यवस्थापकको भावी योजना तथा रणनीति :

क. व्यवसाय/सेवा बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :
नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नेपालको एक अग्रणी मर्चेन्ट बैकर हो । यस संस्थाले निक्षेप सदस्यता तथा शेयर रजिष्ट्रेसन सेवा, लगानी व्यवस्थापन, निष्काशन व्यवस्थापन तथा धितोपत्र प्रत्याभूति, संस्थागत परामर्श लगायतका सेवाहरु प्रदान गर्दै आइरहेको छ । हाल यस संस्थाको व्यवस्थापनमा नबिल म्युचुअल फन्ड अर्न्तगत चारवटा योजनाहरु व्यवस्थापन गरिरहेको छ जस मध्ये २ वटा बन्दमुखी योजना र २ वटा खुल्लामुखी योजना रहेको छ, यसका अतिरिक्त अन्य सामुहिक लगानी कोष योजनाहरु सञ्चालनमा ल्याउनेछ । कम्पनीले समय सापेक्ष आफ्नो प्रविधिमा सुधार गरी नेपाल भर आफ्नो सेवा विस्तार गर्ने तथा लगानी (इन्भेष्टमेन्ट) बैंकिङ्गको क्षेत्रमा विविध नयाँ सेवा प्रदान गर्दै जाने रणनीति लिएको छ । यस संस्थाले आफुले प्रदान गर्ने सेवामा उच्च गुणस्तर कायम राख्नका लागि आवश्यक पर्ने दक्ष जनशक्ति र प्रशिक्षण तथा तालिमहरुको व्यवस्था गर्ने योजना बनाएको छ ।

योजना प्राप्तीको लागि चालिने समयवद्ध रणनीति :

१. आ.व. २०८३/८४ को दोस्रो त्रैमाससम्म चौथो बन्दमुखी योजना नबिल ग्रोथ फण्ड निष्काशन गरी संचालनमा ल्याउने ।
२. खुल्लामुखी सामुहिक लगानी कोष योजनाको सहज कारोबारका लागि प्रविधिको उच्चतम प्रयोग गरी सेवा उपलब्ध गर्ने,
३. लगानीलाई विविधीकरण गरी जोखिम न्यूनीकरण गरिने र योजना संचालनको लागि आवश्यक नीति तथा नियमहरुको तर्जुमा गर्ने,
४. कम्पनीले आ.व.२०८३/८४ मा निष्काशन तथा बिक्री प्रबन्धक अन्तर्गत वास्तविक क्षेत्रलाई प्रतिनिधित्व गर्ने कम्पनीहरुको प्राथमिक सार्वजनिक निष्काशन सम्पन्न गर्ने,
५. कम्पनीले आफ्नो लगानी व्यवस्थापन सेवा अन्तर्गत समयसापेक्ष योजनाहरु संचालनमा ल्याउनेछ ।
६. कम्पनीले आ.व. २०८३/८४ भित्र विशिष्टिकृत लगानी कोष अन्तर्गतको पहिलो योजना नबिल अल्टरनेटिभ इन्भेष्टमेन्ट फन्ड संचालनमा ल्याउने ।
८. कम्पनीले हाल काठमाडौंबाट मात्र आफ्नो सेवा प्रदान गरिरहेकोमा २०८६/८७ सम्म अन्य ६ वटा प्रदेशमा शाखा विस्तार गरी सेवा प्रदान गर्ने लक्ष्य लिएको छ

ख. प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा योजना व्यस्थापकको व्यवसायको भविष्य :

बजारमा संस्थागत लगानीकर्ताको न्यून सहभागिता रहेको वर्तमान अवस्थामा यसले धितोपत्र बजार मुल्यमा आउन सक्ने अस्वभाविक उतार चढावलाई सन्तुलनमा ल्याउने तथा जनसाधारणको लगानीलाई उचित तवरले व्यवस्थापन गरी उचित प्रतिफल प्रदान गर्न र सोबाट धितोपत्र बजारमा जनसाधारणको सहभागिता अभिबृद्धि गरी समस्त धितोपत्र बजारको विकासमा सहयोग पुऱ्याउनेछ । यस कम्पनीले आफ्नो क्षेत्रमा प्रतिस्पर्धी रहन आवश्यक रणनीति तयार गरेको छ ।

कम्पनीले आफ्नो लगानीमा रहेका जोखिमहरु कम गरी पूँजी बजारमा महत्वपूर्ण स्थान लिएको छ । पूँजी परिचालन प्रक्रिया, लगानी उपकरण तथा कम्पनीहरुको छनौट, निरन्तर बजार विश्लेषण, जोखिम व्यवस्थापन नीति लगायत विभिन्न व्यवस्थापकीय र रणनीतिक कुशलताका साथै प्राविधिक तथा व्यवसायिक दक्षताको उपर योजना व्यवस्थापक नेपालको अग्रणी मर्चेन्ट बैंकरको हैसियतमा उभिन सफल रहेको छ । कम्पनीले व्यवसाय तथा कार्यक्षेत्र विस्तार, आयमिक सोचका साथ अन्तराष्ट्रिय स्तरको सेवा प्रवाह योजनाका साथ यस प्रकारको व्यवसायमा व्यवसायिक तथा प्रतिस्पर्धि संस्थाको रूपमा अघि बढ्ने रणनीति लिएको छ ।

मिति २०८३ साल जेष्ठ मसान्तसम्म नेपालमा सामूहिक लगानी कोष संचालन गर्ने कोष व्यवस्थापकहरुको संख्या जम्मा १९ वटा रहेको देखिन्छ भने उक्त कोष व्यवस्थापकहरुले ५७ वटा सामूहिक लगानी कोष योजनाहरु संचालन गरिरहेका छन् । हाल संचालनमा रहेको म्युचुअल फण्ड योजनाहरुको विवरण निम्न बमोजिम रहेको देखिन्छ ।

बन्दमुखी सामुहिक लगानी कोष

क्र.स.	योजनाको नाम	कोषको आकार	कोषको अवधी	मासिक प्रति इकाई खुद सम्पत्ति मूल्य (Monthly NAV) रू.	महिना
१.	सिद्धार्थ इक्वीटी फण्ड	१,५००,०००,०००	१० वर्ष	१०.६५	जेष्ठ
२.	नबिल ब्यालेन्सड् फण्ड २	१,१२०,०००,०००	१० वर्ष	१०.५७	जेष्ठ
३.	एन.एम बि.५०	१,२५०,०००,०००	७ वर्ष	१०.६०	जेष्ठ
४.	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ योजना - २	१,२००,०००,०००	१० वर्ष	११.२२	जेष्ठ
५.	एन.आइ.सि. ब्यालेन्सड् फण्ड	७५५,०००,०००	१० वर्ष	१०.३२	जेष्ठ
६.	सनराइज फष्ट म्युचुल फण्ड	८६०,०००,०००	१० वर्ष	१०.४६	जेष्ठ
७.	लक्ष्मी उन्नति कोष	६५२,६२३,६००	१० वर्ष	१०.४०	जेष्ठ
८.	सानिमा लार्ज क्याप फण्ड	१,२००,०००,०००	७ वर्ष	१०.३६	जेष्ठ
९.	कुमारी इक्वीटी फण्ड	१,०००,०००,०००	१० वर्ष	११.९५	जेष्ठ
१०.	सनराइज ब्लुचिप फण्ड	१,२५०,०००,०००	१० वर्ष	१०.०८	जेष्ठ
११.	प्रभु सेलेक्ट फण्ड	१,२५०,०००,०००	७ वर्ष	१३.६२	जेष्ठ
१२.	एन.आइ बि.एल सम्बृद्धि फण्ड २	१,५००,०००,०००	१० वर्ष	९.९३	जेष्ठ
१३.	एन.आइ.सि.एसिया सेलेक्ट ३०	१,२५०,०००,०००	७ वर्ष	९.८०	जेष्ठ
१४.	आर.बी.बी म्युचल फण्ड - १	१,२५०,०००,०००	७ वर्ष	१०.४५	जेष्ठ
१५.	नबिल ब्यालेन्सड् फण्ड ३	१,२५०,०००,०००	१० वर्ष	१०.४७	जेष्ठ
१६.	मेघा म्युचल फण्ड - १	१,२५०,०००,०००	१० वर्ष	९.७८	जेष्ठ
१७.	कुमारी धनबृद्धि योजना	१,२२५,०७२,५९०	१० वर्ष	१२.७९	जेष्ठ
१८.	एन.आइ.सि.एसिया फ्लेक्जी क्याप फण्ड	१,०२०,०००,०००	७ वर्ष	१०.३०	जेष्ठ
१९.	ग्लोबल आईएमी ब्यालेन्सड् फण्ड १	१,०२५,७६३,६००	१० वर्ष	११.९७	जेष्ठ
२०.	एनएमबी सुलभ इन्भेष्टमेन्ट फण्ड २	१,२००,०००,०००	१० वर्ष	११.९३	जेष्ठ
२१.	सानिमा ग्रोथ फण्ड	६७२,५३२,६००	११ वर्ष	१०.८२	जेष्ठ
२२.	एनआईबिएल ग्रोथ फण्ड	१,३२०,०००,०००	१० वर्ष	९.९८	जेष्ठ
२३.	सनराइज फोकस इक्वीटी फण्ड	१,०००,०००,०००	१० वर्ष	१०.७४	जेष्ठ
२४.	प्रभु स्मार्ट फण्ड	१,०००,०००,०००	१० वर्ष	१४.७७	जेष्ठ
२५.	सिटिजन्स् सुपर ३० म्युचल फण्ड	७५०,७२३,९००	१० वर्ष	१०.८१	जेष्ठ
२६.	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ योजना ३	८०५,८००,०००	१० वर्ष	११.९०	जेष्ठ
२७.	आर.बी.बी म्युचल फण्ड - २	८४६,११९,२९०	१० वर्ष	११.०६	जेष्ठ
२८.	लक्ष्मी भ्यालु फण्ड २	८००,०००,०००	१० वर्ष	१०.३१	जेष्ठ
२९.	हिमालयन ८०-२०	१,०००,०००,०००	१० वर्ष	१२.६२	जेष्ठ
३०.	एन.आइ.सि. ग्रोथ फण्ड २	९०५,०००,०००	७ वर्ष	१०.४०	जेष्ठ
३१.	एन.आई.बि.एल स्टेबल फण्ड	१,१३०,०००,०००	१२ वर्ष	९.८०	जेष्ठ
३२.	कुमारी सबल योजना	७४४,७५०,७००	१० वर्ष	१०.५७	जेष्ठ
३३.	मुक्तिनाथ म्युचल फण्ड १	१,२५०,०००,०००	१० वर्ष	१०.६२	जेष्ठ
३४.	गरिमा सम्बृद्धि योजना	१,२५०,०००,०००	१० वर्ष	१०.४९	जेष्ठ

३५.	एनएमबी हाइब्रिड फण्ड एल-२	१,३६४,८४०,०००	१० वर्ष	१०.५६	जेष्ठ
३६.	एम.बी.एल इक्वीटी फण्ड	१,२१६,२५३,३००	१२ वर्ष	११.०२	जेष्ठ
३७.	रिलाएबल सम्बृद्धि योजना	१,२००,०००,०००	१० वर्ष	११.३५	जेष्ठ
३८.	ग्लोबल आइएमी सम्मुनत योजना- ॥	१,५००,०००,०००	१० वर्ष	१०.२२	जेष्ठ
३९.	एचएलआई लार्ज क्याप फण्ड	५,०००,०००,०००	१० वर्ष	८.९६	जेष्ठ
४०.	आर.बी.बी फोकस ४०	१,२५०,०००,०००	१२ वर्ष	१०.१५	जेष्ठ
४१.	नेपाल लाईफ सम्बृद्धि लगानी योजना	२,०००,०००,०००	१० वर्ष	९.८२	जेष्ठ
४२.	सिटिजन्स् सन्तुलित योजना	१,२५०,०००,०००	१० वर्ष	९.७१	जेष्ठ
४३.	सिद्धार्थ इक्वीटी फण्ड	-	१२ वर्ष	-	जेष्ठ

(स्रोत : सम्बन्धित योजना व्यवस्थापकको वेभसाइट बाट)

खुल्लामुखी सामुहिक लगानी कोष

क्र.स.	योजनाको नाम	कोषको आकार	प्रति इकाई खुद सम्पत्ति मूल्य (NAV)	महिना
१.	एन.आई.बि.एल सहभागिता फण्ड	९,८९५,४७१,२७०	१०.२९	जेष्ठ
२.	एन.आइ.सि.एसिया डाइनामिक डेब्ट फण्ड	१,९९७,९२७,६६०	१०.१०	जेष्ठ
३.	सिद्धार्थ सिस्टम्याटिक इन्भेष्टमेन्ट स्किम	२,७८३,५०६,३४१	११.०३	जेष्ठ
४.	एन.एम.बी. सरल बचत फण्ड-ई	४,७४६,४२१,९८८	१०.७७	जेष्ठ
५.	शुभ लक्ष्मी कोष	७६१,६४१,६४५	१०.३४	जेष्ठ
६.	नबिल फ्लेक्सी क्याप फण्ड	२,२४८,४७३,१५०	१०.६०	जेष्ठ
७.	कुमारी सुनौलो लगानी योजना	९८८,२३२,८९०	१२.०८	जेष्ठ
८.	सानिमा फ्लेक्सी फण्ड	५०४,४१५,३३०	१०.४९	जेष्ठ
९.	प्रभु सिस्टम्याटिक इन्भेष्टमेन्ट स्किम	३९७,२२४,८५०	१०.८६	जेष्ठ
१०.	सिटिजन सदाबहार योजना	७१८,५६३,११०	१०.२५	जेष्ठ
११.	एनआई ३१	३६०,१०४,२२०	१०.३३	जेष्ठ
१२.	एन.आइ.सि.एसिया इक्विटी लिङ्ग इनभेष्टमेन्ट स्किम	७४८,८२२,९३०	९.८७	जेष्ठ
१३.	माछापुच्छ्रे एसआईपी योजना	३५९,६५८,७८०	११.५८	जेष्ठ
१४.	गरिमा सुवर्ण योजना	७१५,३७३,२००	९.८४	जेष्ठ

(स्रोत : सम्बन्धित योजना व्यवस्थापकको वेभसाइट बाट)

मिति २०८३ साल जेष्ठ मसान्तसम्म परिपक्क भएका बन्दमुखी सामुहिक लगानी कोष तथा तिनीहरुको Redemption दर निम्नानुसार रहेको छ।

क्र.स.	योजनाको नाम	कोषको आकार	कोषको अवधी	परिपक्व मिति	अन्तिम कारोबार मुल्य	अन्तिम कारोबार मिति	Redemption
१.	ग्लोबल आईएमी सम्मुनत स्किम १	१,०००,०००,०००	७ वर्ष	२४/०३/२०२३	९.६३	२३/०३/२०२३	१०.१६
२.	लक्ष्मी इक्वीटी फण्ड	१,२५०,०००,०००	७ वर्ष	१२/०६/२०२४	९.४७	०९/०६/२०२४	११.१४
३.	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम - १	५००,०००,०००	५ वर्ष	२४/१२/२०१७	२०.०९	२१/१२/२०१७	२१.७७
४.	लक्ष्मी भ्यालु फण्ड १	५००,०००,०००	५ वर्ष	२५/०३/२०२०	९.६४	१९/०३/२०२०	१०.५२
५.	एनआईबिएल प्रगती फण्ड	७५०,०००,०००	७ वर्ष	११/०१/२०२४	९.३२	०८/०१/२०२४	९.५८
६.	एनआईबिएल समृद्धि फण्ड १	१,०००,०००,०००	७ वर्ष	०६/०१/२०२२	१२.४१	०६/०१/२०२२	१२.७४
७.	एन.एम बि.हाइब्रिड फण्ड एल-१	१,०००,०००,०००	७ वर्ष	२६/१०/२०२३	९.८६	१२/१०/२०२३	१०.४
८.	एनएमबी सुलभ इन्भेष्टमेन्ट फण्ड १	७५०,०००,०००	५ वर्ष	२०/१०/२०१९	१०.३४	१७/१०/२०१९	१०.७
